# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## हुप्सेकोट गाउँपालिका
## नवलपरासी व.सु.पूर्व




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ११६

मितिः २०७९।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
हुप्सेकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी व.सु.पूर्व।

**कैफियत सहितको राय**

हामीले हुप्सेकोट गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड २ लाख ९२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.६ लाख १२ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.६ लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५७ लाख ७६ हजार, नियमित गर्नुपर्ने रू.३० लाख ७७ हजार र पेश्की रू.२ लाख ४ हजार रहेको छ । गतवर्ष रु.५ करोड ५० लाख ६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.५ करोड ७१ लाख ६५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। गाउँपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

हुप्सेकोट गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४५ | ५० | १०२९२ | - | २३ | ६१२ | ४५ | २७ | ९६८० | ६२३ | ३०७७ | ५७७६ | - | - | ८८५३ | २०४ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपुर | ५५००६ | - | ७५२१ | ४७४८५ | - | ९६८० | ५७१६५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : हुप्सेकोट गाउँपालिका, नवलपुर , हुप्सेकोट गाउँपालिका , नवलपरासी पूर्व भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र प्रसाद बस्याल | २०७८-९-२९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पवन अर्याल | २०७८-१-२२ | |
| कार्यालय प्रमुख | अशोक कोईराला | २०७७-११-३ | |
| कार्यालय प्रमुख | कृष्ण प्रसाद सापकोटा | २०७७-४-१ | |
| लेखा प्रमुख | राजेन्द्र प्रसाद रेग्मी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १०,२९२,३३४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,०४,४७,९२३.४२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३३,८९,७६,१०२ | **चालु खर्च** | ३२,०३,६०,८४९.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,८०,९५,३५४ | **पूँजीगत खर्च** | १५,८८,२५,११० |
| **राजश्व बाँडफाँट** | ८,१०,४२,९३६.१९ | **वित्तीय/अन्य व्यवस्था** | १,१९,६३,०३८.५ |
| **आन्तरिक आय** | १,८१,४६,४९५.५५ | | |
| **अन्य आय** | २,९३,३८,५८९.०५ | | |
| **कुल आय** | ४९,५५,९९,४७६.७९ | **कुल खर्च** | ४९,११,४८,९९७.८५ |
| **बाँकी मौज्दात** | | ८,४८,९८,४०२.३६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्योल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१२।२६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १८९ वर्ग किलोमिटर क्षेत्रफल तथा २५०६५ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न<br>बमोजिम रहेको छः | |

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४८,०७,८३,९१६.५० | ४२,४३,९३,१४४.७९ | | ४२,४३,९३,१४४.७९ | ४२,१५,३१,३०२.९२ | | ४२,१५,३१,३०२.९२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४६,७१,२८,८०० | ३९,५०,५४,५५५.७४ | ० | ३९,५०,५४,५५५.७४ | ३४,४२,९९,६५०.९२ | ० | ३४,४२,९९,६५०.९२ |
| ११००० कर | ११ | ८,६५,७६,९१० | ८,०१,५५,०८२.१२ | ० | ८,०१,५५,०८२.१२ | ६,०२,११,९०१.४२ | ० | ६,०२,११,९०१.४२ |
| १३००० अनुदान | | ३३,२८,७१,८९० | ३०,२३,६२,१६४ | ० | ३०,२३,६२,१६४ | २८,२२,९१,७३९ | ० | २८,२२,९१,७३९ |
| संघीय सरकार | १२ | २९,८६,०३,३५० | २६,८७,५३,१२४ | ० | २६,८७,५३,१२४ | २२,८९,४३,००० | ० | २२,८९,४३,००० |
| प्रदेश सरकार | १२ | २,७३,२९,००० | २,७१,१२,००० | ० | २,७१,१२,००० | २,१३,७०,००० | ० | २,१३,७०,००० |
| अन्तरिक श्रोत | १२ | १४,७५,००० | १०,३२,५०० | ० | १०,३२,५०० | ३,१९,७८,७३९ | ० | ३,१९,७८,७३९ |
| जनसहभागिता | | ५४,६४,५४० | ५४,६४,५४० | ० | ५४,६४,५४० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ४,७६,८०,००० | १,२३,६६,५५६.६२ | ० | १,२३,६६,५५६.६२ | १७,९६,०१०.५० | ० | १७,९६,०१०.५० |
| १५००० विविध प्राप्ति | | ० | १,७०,७५३ | ० | १,७०,७५३ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,३६,५५,११६.५० | २,९३,३८,५८९.०५ | | २,९३,३८,५८९.०५ | ७,७२,३१,६५२ | | ७,७२,३१,६५२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,३६,५५,११६.५० | २,१२,९४,२१४ | ० | २,१२,९४,२१४ | ७३,८६,८४३ | ० | ७३,८६,८४३ |
| धरौटी | | ० | ८०,४४,३७५.०५ | ० | ८०,४४,३७५.०५ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ६,९८,४४,८०९ | ० | ६,९८,४४,८०९ |
| भुक्तानी (ग+घ) | | ५४,७०,९२,६८०.२५ | ४१,९९,४२,६६५.८५ | | ४१,९९,४२,६६५.८५ | ३६,३६,७९,१७३.०८ | १,००,००० | ३६,३७,७९,१७३.०८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५३,३४,३७,५६३.७५ | ४०,७९,७९,६२७.३५ | | ४०,७९,७९,६२७.३५ | २८,६६,४८,०८८.०८ | १,००,००० | २८,६७,४८,०८८.०८ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२,९३,३२,३५० | ११,६७,२७,१२०.४० | ० | ११,६७,२७,१२०.४० | ११,४९,२७,४८३.९० | ० | ११,४९,२७,४८३.९० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,९२,००,८२० | ८,३७,३९,०४४.२० | ० | ८,३७,३९,०४४.२० | ५,४७,५८,५०९.६४ | १,००,००० | ५,४८,५८,५०९.६४ |
| २५००० सहायता (Subsidy) | १८ | ३,१६,७२,००० | ३,०२,८१,१३० | ० | ३,०२,८१,१३० | १,००,००० | ० | १,००,००० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,४०,००,००० | १,३४,७०,९६३ | ० | १,३४,७०,९६३ | ६९,३५,५०४ | ० | ६९,३५,५०४ |
| २८००० अन्य खर्च | १८ | ६१,९४,६७३.७५ | ५९,१५,७४३.७५ | ० | ५९,१५,७४३.७५ | ७,०७,५०० | ० | ७,०७,५०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २३,३०,३७,७२० | १५,७८,४५,६२६ | ० | १५,७८,४५,६२६ | १०,९२,१९,०९०.५४ | ० | १०,९२,१९,०९०.५४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| घ. अन्य भूक्तानी | | १,३६,५५,११६.५० | १,१९,६३,०३८.५० | | १,१९,६३,०३८.५० | ३६,३६,७९,१७३.०८ | १,००,००० | ३६,३७,७९,१७३.०८ |
| कोषहरु | | १,३६,५५,११६.५० | १,०४,३४,९८८.५० | ० | १,०४,३४,९८८.५० | ७१,८६,२७६ | ० | ७१,८६,२७६ |
| धरौटी | | ० | १५,२८,०५० | ० | १५,२८,०५० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ६,९८,४४,८०९ | ० | ६,९८,४४,८०९ |
| ङ. यो वर्षको बचत (न्युन) | | (६,६३,०८,७६३.७५) | ४४,५०,४७८.९४ | | ४४,५०,४७८.९४ | ५,७८,५२,१२९.८४ | (१,००,०००) | ५,७७,५२,१२९.८४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,०४,४७,९२३.४२ | | ८,०४,४७,९२३.४२ | ४,४५,५२,६२३.१८ | | ४,४५,५२,६२३.१८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (६,६३,०८,७६३.७५) | ८,४८,९८,४०२.३६ | | ८,४८,९८,४०२.३६ | १०,२४,०४,७५३.०२ | (१,००,०००) | १०,२३,०४,७५३.०२ |
| बैंक तथा नगद बाकी | २४ | | ७,९६,५३,४०२.३६ | | ७,९६,५३,४०२.३६ | ३१,६२,०७,८३७.०२ | | ३१,६२,०७,८३७.०२ |

गाँउपालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शिर्षक | बजेट | निकासा/खर्च |
|---|---|---|---|
| १ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | ३००००००. | ९७९४८४. |
| २ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | ६५६०४०००. | ६५६०४०००. |
| ३ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ५००००००. | ४६१८९७८. |
| ४ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | ४३०००. | ३८७०. |
| | जम्मा | ७३६४७०००. | ७१२०६३३२. |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | राजश्व | | | | |
| | विवरण | आम्दानी | दाखिला | बाँकी | |
| | विभिन्न १४ | १४९७० | १४९७० | 0 | |
| ६ | कार्यसञ्चालनकोष | | | | |
| | गतवर्षको जिम्मेवारी | यसवर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
| | ६८२४ | ५०००००. | ५०६८२४ | ५०६८२४ | 0 |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
| ४.१ | | | • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन गरेको पाइएन । <br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| ४.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ खरिद अनुसार गुरुयोजना खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ४.५ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइन । | |
| ४.६ | | | **धरौटी फिर्ताः** आन्तरीक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धीत निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धीत आन्तरीक राजस्व कार्यालयवाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले निम्न निर्माण सेवालाइ कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र नलिइ भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु | २३०,००० |

| सि.नं. | गो.भौ.नं. र मिति | निर्माण कम्पनी | कार्य | भूक्तानी रकम |
|---|---|---|---|---|
| १ | २०७७।९।३ | मोर्डन कम्प्युटर्स | स्मार्ट कक्षा स्थापना | 50000 |
| २ | २०७७।११।२६ | एसिपि निर्माण सेवा तथा सप्लायर्स | कार्यालय भवन | 180000 |
| | | | जम्मा | 230000 |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ५.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १६ ऐन, ३ नियमावली, २७ कार्यविधि २ नीति र २ मापदण्ड समेत ५० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ५.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ९ र यो बर्ष थप भएको ४४ वटा दर्ता गरी कूल ५३ वटा विवाद भएकोमा ४२ मात्र फछ्र्यौट भई ११ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.४०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ ।<br>• निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |
| ६.३ | | | **वित्तीय विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा | |

| | | | | |
|---|---|---|---|---|
| | | | महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• गत वर्षको धरौटी मौज्दात रु. ४८३६८२३।- रहेकोमा यस वर्ष वित्तिय प्रतिवेदन अनुसूची १५ मा रु. ४३२०००।- मात्र जिम्मेवारी देखाएको छ ।<br>• गत वर्षको सञ्चितकोष खातामा मौज्दात रु. ८००१५९२३।४२ रहेकोमा यस वर्षको शुरुपमा रु. ८०४४७९२३।२४ देखाएको छ ।<br>• म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची २३ मा कूल पेश्की बाँकी रु. २३१३७७५।- देखाएको छ भने फर्छौट गर्न बाँकी पेश्कीको मास्केबारी म.ले.फा.नं.२११ ले कूल पेश्की बाँकी रु. २१०९७७५।- देखाएको छ । सुत्रबाट तयार भएका विभिन्न प्रतिवेदनले फरक फरक अंक देखाएको छ तसर्थ सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदनले आर्थिक कारोबारको यथार्थ र सही चित्रण गरेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६.४ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.८००१५९२३।-मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.८०४४७९२३।४२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४३२०००।४२ घटी।बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.४३२०००।४२ | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | |
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री स्वतन्त्र कोपिला मल्लले २०७७।३।१० गते रु.४३ करोड ५१ लाखको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.२५ लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७८।२।२३ र २०७८।३।१० समेतको निर्णयबाट पुजीगततर्फ विभिन्न शीर्षकमा रु.१३५९०००।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ७.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 13 | 781968 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 101 | 24994183 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 42 | 26297744 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 16 | 30005860 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 5 | 34620790 |
| | जम्मा | 177 | 116700545 |

७.४

**क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 29157350 | 21681405 | 5.31 |
| सामाजिक क्षेत्र | 190832240 | 165858265 | 40.65 |
| पूर्वाधार विकास क्षेत्र | 205393720 | 134162511 | 32.88 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 29409580 | 20377965 | 4.99 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 78644674 | 65899481 | 16.15 |
| जम्मा | 533437564 | 407979627 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 89401 | 14990 | 27481 | 46930 | 30318 |
| २ | प्रदेश सरकार | 14962 | 0 | 5986 | 8976 | 6363 |
| ३ | पालिका | 53482 | 0 | 24638 | 28844 | 19388 |
| ४ | कूल खर्च: | 157845 | 14990 | 58105 | 84750 | 56069 |
| | खर्च प्रतिशत | | 9.50 | 36.81 | 53.69 | 35.52 |

७.५ **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

| आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१-२०७८/०३/३१ माथिल्लो बजेट उपशीर्षक : हुप्सेकोट गाउँ कार्यपालिका बजेट प्रकार : पूंजीगत | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
| १ | रूद्रपुरगढी क्षेत्र सम्रक्षण तथा एकीकृत नमुना बस्ती | ३०,००,००० | ० | ० |
| २ | रूद्रपुरगढी सामुदायिक होमस्टे | २०,००,००० | ० | ० |
| ३ | लागत सहभागिता बाट बाटो वडा नं. २ | ३०,००,००० | ० | ० |
| ४ | जनकल्याण स्कुल हुदै ४ नं. वार्ड कार्यालय जाने बाटो कालोपत्रे | २५,००,००० | ० | ० |
| ५ | कोलिया डहर नं.१ बाटो कालोपत्रे (लागत सहभागिता) | १०,००,००० | ० | ० |
| ६ | लागत सहभागिताबाट बाटो वडा नं.४ | ३०,००,००० | ० | ० |
| ७ | मिलन चोक देखि टन्त्याल खचोक सम्मको सडक कालोपत्रे | १०,००,००० | ० | ० |
| ८ | मिलन चोक देखि टन्त्याल खचोक सम्मको सडक कालोपत्रे | १७,९४,५४० | ० | ० |
| ९ | भूपू चोकदेखि समावेशी चोकसम्मको बाटो कालोपत्रे (लागत सहभागिता) | १८,००,००० | ० | ० |
| १० | सटाकुन खानेपानी योजना | ५,००,००० | ० | ० |
| ११ | चुहानगैरा खानेपानी टंकी खरिद तथा जडान ४ | १,००,००० | ० | ० |
| १२ | धौलाबसेनी स्कुल खानेपानी टंकी निर्माण ५ | १,००,००० | ० | ० |
| १३ | चारघरे खानेपानी टंकी खरिद तथा जडान ४ | १,००,००० | ० | ० |
| १४ | अधुरो वडा कार्यालय भवन निर्माण वडा नं.३ | १४,७५,००० | ० | ० |
| १५ | गाउँपालिका तथा वडा कार्यालय व्यवस्थापन | ७,००,००० | ० | ० |
| १६ | धाराचोक देखी शित्तल चोक बाटो ग्रावेल | ५,००,००० | ० | ० |
| १७ | वडा कार्यालयको चौतारी मर्मत | ५०,००० | ० | ० |
| १८ | कोलिया डहर नं. ८ वन सिमाना इनार मर्मत | ३,००,००० | ० | ० |
| १९ | गैडाखोला खानेपानी पाइपलाइन विस्तार तथा टंकी विस्तार | ५०,००० | ० | ० |
| २० | मोहन डाँडा चौतारा निर्माण | ५०,००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| २१ | वडाभित्रका बाटो ग्राबेल | ३,५०,००० | ० | ० |
| २२ | वडाभित्रका बाटो ग्राबेल | ९२,५८० | ० | ० |
| २३ | इ्यालबास पाल्पा सडक गुरुङघाट ग्याबिन जाली निर्माण | ५०,००० | ० | ० |
| २४ | पांग्रेघाट मोटरबाटो ट्र्याक योजना | ५,००,००० | ० | ० |
| २५ | वडा भित्रका मोटर बाटो मर्मत वडा नं. ५ | ४,५०,००० | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः** | |
| ८.१ | | | **आर्थिक सहायताः** महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । यस पालिकाले यो वर्ष आर्थिक सहायता वापत रु. ६०३०००।- खर्च लेखि भूक्तानी गरेको छ । | |
| ८.२ | | | **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा प्रदेश सरकार तर्फ ससर्त चालु अनुदान रु. १६६२०००।- र समपूरक चालु अनुदान रु. ४७५१९६९।- समेत रु. ६४१३९६९।- बाँकी देखाएीको मध्ये रु. १६६२०००।- खर्चको शोधभर्ना प्राप्त भएकोले फिर्ता गर्न नपर्ने विवरण पेश गरेको छ । प्रदेश सरकार तर्फको बाँकी रहेको समपूरक चालु अनुदान रु. ४७५१९६९।- मिति २०७८।१२।१० मा फिर्ता दाखिला भएको छ । | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २७ जना कर्मचारीहरु करारमा राखी रु. ७४५२०००।- खर्च लेखेको छ । | |
| ९.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कूल दरबन्दी संख्या ३१ भएकोमा २० पदपूर्ती भई ११ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| ९.३ | | | **तलबि प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ तथा सम्बन्धित ऐन वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु ३०७८३०००।- खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पास गराएर मात्र खर्च लेख्नु पर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |

| | | | | |
|---|---|---|---|---|
| १०.१ | | | • सविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १०.२ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| १०.३ | | | • सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| ११ | | | **खरिद व्यवस्थापनः-** | |
| ११.१ | | | • सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभइ धेरै योजनाको म्याद थप्ने गरेको छ ।<br>• निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गरेको प्रमाण वेगर कार्य सम्पन्न बनाएको कार्य स्वीकार प्रतिवेदन नबनाएको । | |
| ११.२ | | | • बोलपत्र मार्फत गरिएका योजनाको केहीको गुणस्तर परिक्षण गर्ने गरेको तर उपभोक्ता समिति बाट भएका अधिकांश योजनाको गुणस्तर परिक्षण गर्ने गरेको नपाइएको । | |
| १२ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| १२.१ | | | **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले तोकिएको समयमभित्र राजश्व दाखिला गरेको पाइएन । राजश्व रकम तोकिएको समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| १२.२ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | |
| १२.३ | | | • ऐनको अधिकार अन्तर्गत गाउपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु गाउँकार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ । | |
| १३ | | | **पदाधिकारी सुविधा**<br>**दोहोरो अनुगमन भत्ताः** गण्डकी प्रदेश सरकारले जारी गरेको गाँउसभा, जिल्लासभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीको (ख) मा गाउँपालिकाका पदाधिकारीहरुले पाउने मासिक अनुगमन सुविधा भुक्तानी लिएको अवस्थामा पनि पुन विभिन्न मितिमा खोलाको नापजाँच, सिमांकन तथा अनुगमन गर्दा निम्न पदाधिकारीहरुलाई अनुगमन भत्ता दिएको पाइएकोले ऐनको व्यवस्था विपरीत दिएको अनुगमन भत्ता | १५,३०० |

असुल गरी गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु.

| क्र.सं | पदाधिकारीको नाम | कार्यक्रमको नाम | अनुगमन दिन | दर | भुक्तानीरकम कर पछि |
|---|---|---|---|---|---|
| 1 | लक्ष्मी देवि पाण्डे | व्यक्तीगत घटना दर्ता किताव डिजीटाइजेशन सेवा प्रदायकहरुलाई तालिम कार्यक्रम अनुगमन | 1 | 1000 | 850 |
| 2 | स्वतन्त्र कोपिला मल्ल | | 1 | 1000 | 850 |
| 3 | लक्ष्मी देवि पाण्डे | व्यवसाय दर्ता घुम्ती शिविर संचालन अनुगमन | 4 | 1000 | 3400 |
| 4 | स्वतन्त्र कोपिला मल्ल | | 3 | 1000 | 2550 |
| 5 | चित्र बहादुर कानु | | 2 | 1000 | 1700 |
| 6 | उर्मीला महतो | | 2 | 1000 | 1700 |
| 7 | रोशन थापा | | 1 | 1000 | 850 |
| 8 | छम बहादुर सोमै | | 1 | 1000 | 850 |
| 9 | पदम बहादुर क्षेत्रि पौडेल | | 1 | 1000 | 850 |
| 10 | दम बहादुर राना मगर | | 1 | 1000 | 850 |
| 11 | रुकमागत् भूर्तेल | | 1 | 1000 | 850 |
| | | जम्मा | | | 15300 |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **शिक्षाः** | |
| १४.१ | १२४ | २०७८-३-६ | **सेनिटरी प्याड वितरणः** सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ को दफा ५ अनुसार शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालिको तथ्याङ्कसँग भिडाई विद्यालयलाई आवश्यक सेनिटरी प्याड उपलव्ध गराउनुपर्ने र दफा ६ मा वितरण गरेको सेनिटरी प्याडको अभिलेख तथा वुझिलिएको भरपाई सुरक्षित राख्नुपर्ने व्यवस्था छ ।सामुदायीक विद्यालयका छात्राहरुका लागी पालिकाले २४७८० प्याड खरिद गरी रु.६,२६,१११.०० खर्च लेखेको छ । खरिद गरिएका सेनिटरी प्याडहरु विद्यालयलाई पठाएको तथा वितरण गरेको प्रमाण पेश भएको छैन । विद्यालयलाई पठाएको तथा छात्राहरुले बुझेको प्रमाण पेश गर्नुपर्ने रु. | ६२६,१११ |
| १४.२ | | | **तलवि प्रतिवेदनः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को खण्ड क (१) मा स्थायी शिक्षकको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सो प्रतिवेदनका आधारमा अनुदान दिने व्यवस्था छ । स्थायी शिक्षक, करार शिक्षक, कर्मचारी समेतको लागी प्रथम चौमासिक रु.२,७७,५२,३३५.००, दोस्रो चौमासिक रु.२,४२,९१,७२३.०० र तेस्रो चौमासिक रु.२,८५,५१,८७४.०० समेत कुल रु.८,०५,९५,९३२.०० निकासा भएको छ ।यस वर्ष तलवी प्रतिवेदन पारीत नगराई शिक्षकको तलव भत्ता निकासा भएको छ । शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट तलवी प्रतिवेदन पारित गराई सो प्रतिवेदनका आधारमा मात्र अनुदान निकासा उपलब्ध गराउनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| १४.३ | | | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः १०६-०७८२/२५ र १८४-०७८/२/२५ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ को दफा ६(८) अनुसार विद्यालयको भौतिक पूर्वाधार निर्माण उपभोक्ता समिति वा ठेक्कापट्टाद्धारा गर्न सकिने दफा ६(१०) अनुसार मन्त्रालयबाट स्वीकृत सम्वन्धित विषय क्षेत्रको निर्देशीका तथा वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका वमोजिम हुनुपर्ने व्यवस्था छ । तपसिलको विद्यालयहरुलाई कक्षा कोठा निर्माण तथा खानेपानी सहितको शौचालय निर्माण कार्यको लागी रु.८६,००,००,०००.००.निकासा दिएको छ । कक्षा कोठा निर्माण तथा खानेपानी सहितको शौचालय निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले च.नं. ८३ मिति २०७८/३/२० को संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनको लागि समन्वय र सहजीकरण सम्वन्धमा सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम बापतको निकाशा हुने रकम सम्बन्धित विद्यालयको खातामा तत्काल निकाशा दिइ सोको प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परीक्षण लगायतका कार्यक लागि सम्बन्धित विद्यालयहरुलाई जिम्मेवार र जवाफदेही बनाउने गरी सहजीकरण, समन्वय र सहयोगका लागि सबै स्थानीय तहमा निर्देशन गरी सहयोग गरिदिनुहुन अनुरोध छ भनि लेखि आए अनुसार सबै स्थानीय निकायले निकासा भएको रकमको सही सदुपयोग गर्ने गराउने कार्यको लागि अनुगमन समेत गरिनुपर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | निर्माण कार्य | रकम |
|---|---|---|---|
| १ | शिक्षावोधनी मावि, रुद्रपूर | कक्षाकोठा निर्माण | 1800000 |
| २ | जनता मावि, वेलवा | खानेपानी सहितको शौचालय | 700000 |
| ३ | सूर्यज्योती मावि, जुगेपानी | कक्षाकोठा निर्माण | 1800000 |
| ४ | ज्वाला मावि, झ्यालवास | कक्षाकोठा निर्माण | 1800000 |
| ५ | हुप्सेकोट मावि, दमार | कक्षाकोठा निर्माण | 1800000 |
| ६ | जनता मावि, गुहेरी | खानेपानी सहितको शौचालय | 700000 |
| | जम्मा | | 8600000 |

| | | | | |
|---|---|---|---|---|
| १४.४ | २३१ | २०७८-३-१३ | **शिक्षण सहयोग अनुदानः** अग्रेजी, विज्ञान, गणित विषयमा शिक्षण सहयोग अनुदान शिक्षक व्यवस्थापनका लागी जारी गरिएको शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ को दफा ६ अनुसार शुन्य र एक दरवन्दी भएका सामुदायिक आधारभुत र माध्यमिक विद्यालयलाई शिक्षण सिकाई अनुदान शिक्षकको व्यवस्था गरेको छ ।गाउँपालिकाको शिक्षा शाखामा अभिलेख कायम भएका शिक्षकहरुको सम्वन्धित विद्यालयले पेश गरेको तलवि माग फारामका आधारमा निकासा गर्नुपर्ने व्यवस्था छ । शिक्षण सिकाई अनुदान शिक्षकहरुको लागी १२ महिनाको मासिक रु.३५,९००.०० का दरले प्रति विद्यालय रु.४,३०,८००.०० एकमुष्ठ निकासा गरिएको छ । शिक्षण सहयोग अनुदानमा नियुक्त हुने शिक्षकको लागी यस आर्थिक वर्षमा ४ विद्यालयलाई रु.१७,२३,२००.०० निकासा गरिएको देखियो।आर्थिक वर्षको अन्त्यमा बाँकी बजेट फ्रिज हुने सशर्त बजेटबाट विद्यालयमा फाल्गुनमा नियुक्त हुने शिक्षकको लागी फाल्गुन देखी आषाढसम्मको मात्र निकासा गर्नुपर्नेमा बढी निकासा गरिएको छ । आगामी आर्थिक वर्षको पारिश्रमिक चालु आर्थिक वर्षमा निकासा गरिनु नियमसम्मत देखिएन । | |

| सि नं | विद्यालयको नाम | शिक्षकको नाम | नियुक्ती मिति | निकासा रु |
|---|---|---|---|---|
| १ | नेपाल शान्ती माध्यमिक विद्यालय बेलहानी | नविन पौडेल | 6/1/2077 | 430800 |
| २ | हुप्सेकोट माध्यमिक विद्यालय,रुम्सी | श्रमिला लम्साल | 11/10/2075 | 430800 |
| ३ | हुप्सेकोट माध्यमिक विद्यालय,मौलाथर | दिपेन मल्ल ठकुरी | 11/10/2077 | 430800 |
| ४ | शिक्षाबोधनी माध्यमिक विद्यालय, रुद्रपुर | उमेश वस्ताकोटी | 11/10/2077 | 430800 |
| | जम्मा | | | 1723200 |

| | | | | | |
|---|---|---|---|---|---|
| १४.५ | ५८ | २०७७-१०-१२ | **प्राविधिक शिक्षालयलाई निकासाः** मिति २०७७ आश्विन १८ गते (वैठक संख्या ६९) को कार्यपालिकाको वैठकले रु.४५,००,०००.०० र मिति २०७८ आषाढ ५ गते (वैठक संख्या ) को कार्यपालिकाको वैठकले रु.१५,००,०००.०० गरि जम्मा रु.६०,००,०००.०० समपुरक कोषबाट हुप्सेकोट प्राविधिक शिक्षालय संचालन तथा व्यवस्थापनका लागी निकासा दिने निर्णय भएको छ । पालिकाले रु.१७,२०,३७७.०० को ल्याव सामाग्री, र लाईब्रेरी पुस्तक खरिद गरि विद्यालयलाई दिएको देखिन्छ । विनियोजित बजेट मध्ये विद्यालयलाई रु.३२,७९,६२३.०० सिधै निकासा गरिएको छ ।विनियोजन भएको रु.६० लाख मध्ये रु.५० लाख निकासा खर्च भएको देखियो। समपुरक कोषबाट विद्यालयलाई सिधै निकासा भएको रु.३२,७९,६२३.०० खर्चको विवरण सहितको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३,२७९,६२३ | |
| १४.६ | ४६ | २०७७-९-२४ | **विद्यालय सुधार योजना र लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७७ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणका लागि आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१००००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.१५,०००.०० र विधालय सुधार योजनाको लागी आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१५०००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.२०,०००.०० एकमुष्ट अनुदान उपलव्ध हुने व्यवस्था छ । आर्थिक वर्ष ०७७/७८ मा विद्यालयलाई लेखापरीक्षणको लागी निकासा भएकोमा आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन तथा विद्यालय सुधार योजना पेश भएको छैन । तपसिलको विद्यालयले विद्यालय सुधार योजना तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. | ५३५,००० | |

| सि.नं. | विद्यालयको नाम | विद्यालय सुधार योजना खर्च रु. | लेखापरीक्षण खर्च रु. | जम्मा |
|---|---|---|---|---|
| १ | सरस्वती सस्कृत तथा साधारण मावि गिरुवारी | 20000 | - | 20000 |
| २ | हुप्सीकोट मावि, मौलाथर | 20000 | - | 20000 |
| ३ | शिक्षाबोधनी मावि, शंखदेव | 20000 | - | 20000 |
| ४ | सूर्यज्योती मा.वि., जुगेपानी | 20000 | - | 20000 |
| ५ | ज्वाला मावि, झयालवास | 20000 | 15000 | 35000 |
| ६ | शिक्षा बोधनी मावि, रुद्रपूर | - | 15000 | 15000 |
| ७ | जनता मावि, गुहेरी | 20000 | - | 20000 |
| ८ | बराजू आवि, भडारी | 15000 | - | 15000 |
| ९ | अकेला देवी प्रावि, धौला | 15000 | - | 15000 |
| १० | दुर्गा प्रावि, नाम्जकोट | 15000 | - | 15000 |
| ११ | नवस्मृती प्रावि,झाते | 15000 | - | 15000 |
| १२ | लक्ष्मी प्रावि, कुटे वालहित प्रावि, चपहा | 15000 | - | 15000 |
| १३ | हुप्सेकोट जनकल्याण आवि, मोहनडाडा | 15000 | 10000 | 25000 |
| १४ | शान्ती प्रावि, पिपलडाडा | 15000 | - | 15000 |
| १५ | वालकल्याण प्रावि, कोलिया | 15000 | - | 15000 |
| १६ | त्रिभूवन प्रावि, पाङ्ग्रे | - | 10000 | 10000 |
| १७ | नवजागरण प्रा.वि., पोखरी | 15000 | - | 15000 |
| १८ | रुपकला प्रावि राम्चे | 15000 | 10000 | 25000 |
| १९ | शिक्षावोधनी प्रावि, धौलावेसी | 15000 | - | 15000 |
| २० | हुप्सेकोट प्रावि, दमार | 15000 | - | 15000 |
| २१ | सरस्वती प्रावि, रातोभञ्ज्याङ्ग | 15000 | 10000 | 25000 |

| | | | | |
|---|---|---|---|---|
